सियारी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ९ मिति : २०७७/११/२०

भाग–२

सियारी गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित

## सियारी गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना:-**

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दीर्घ रोगी, हिंसा पिडित तथा बेचबिखनमा परेका महिला, बालबालिका, विपन्न अ अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन वाञ्छनिय भएकोले सियारी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस कार्यविधिको नाम "सियारी गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा:-** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा:-

(क) "गाउँपालिका" भन्नाले सियारी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सियारी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेको भनि वडाबाट प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवं क्यान्सर पिडित व्यक्तिहरु, यौन हिंसाबाट पिडित एवं बेचबिखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, जवरजस्ती श्रमबाट पिडित भएको, दुर्घटनामा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको बालबालिका, यौन शोषण, यौन दुर्व्यवहार, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएको सुस्त मनस्थिति भएको बालबालिका, एच.आई.भि. एड्सबाट संक्रमणित बालबालिका, बेसहारा वृद्धवृद्धा बुझ्नु पर्छ ।

(घ) “न्यायिक समिति” भन्नाले सियारी गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्झनु पर्छ ।

(ङ) “अध्यक्ष” भन्नाले सियारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सियारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद - २
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दीर्घ रोगी तथा क्यान्सर पिडितलाई सहायताः-**

(१) आर्थिक सहायता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पिडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन मनासिव देखिएमा बिरामीको अवस्था हेरी रु.५,०००/- देखि २०,०००/- सम्म आर्थिक सहायता दिन सकिनेछ ।

**४. हिंसा पिडित तथा बेचबिखनमा परेकालाई सहायताः-**

(१) यौन हिंसाबाट पिडित एवंम बेचबिखनमा परेका महिलाहरुलाई तत्काल उद्धार गर्न वडाध्यक्षको सिफारिसमा रु.५,०००/-(पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पिडितलाई न्याय दिलाउन एवं पुर्नस्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

**५. आर्थिक रुपले विपन्न परिवारका पिडित बालबालिकालाई सहायताः-**

(१) बेवारिसे अवस्थामा फेला परेको, जवरस्ती श्रमबाट पिडित भएको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पिडित बाबु, आमा वा संरक्षणबाट वञ्चित, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि रु.५,०००/- देखि १०,०००/- सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) मा उल्लेखित बालबालिकाको शिक्षादिक्षाको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत पठन पाठनको व्यवस्था गर्न सकिनेछ ।

**६. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायताः-** ७० वर्ष उमेर पुगेका, परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रु.५,०००/- (पाँच

हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**७. अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्गलाई सहायताः-**

(१) आर्थिक रुपले विपन्न अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्गको स्वास्थ्य उपचार गर्नका लागि एकपटक रु.३०००/- देखि ७०००/- सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, सम्बन्धित स्थानीय सरकारबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपाङ्गको परिचयपत्र, स्वास्थ्य संस्थामा उपचार गराईरहेका भन्ने प्रमाण खुल्ने कागजात सहित गाउँपालिकामा निवेदन पेश गर्न सकिनेछ ।

**८. विपन्न परिवारलाई मृत्यु संस्कार सहायताः-**

(१) आर्थिक रुपमा विपन्न परिवारमा दुर्घटना अथवा आत्महत्याको कारणले मृत्यु भई सोको पोष्टमार्टम गर्न नसक्ने परिवारलाई पोष्टमार्टम गर्न, बेवारिसे लास फेला परेमा निजको सदगत गर्न वा व्यवस्थापन गर्न प्रमाण खुल्ने कागजात र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन पेश हुन आएमा एकमुष्ट रुपमा रु. ५,०००/- देखि १०,०००/- सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहायता दिन सिफारिस गर्दा सम्बन्धित वडा कार्यालयले निजको परिवारको नियमित आम्दानीको श्रोत नभएको, कुनै व्यापार व्यावसाय नभएको व्यक्तिलाई सिफारिस गर्नुपर्ने छ ।

## परिच्छेद - घ
## विविध

**९. निवेदनको ढाँचाः-** यस कार्यविधि अनुसार सहायता पाउन अनुसूची-१ को ढाँचा निवेदन दिनु पर्नेछ ।

**१०. निर्णय गर्ने अधिकारः-** यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार रु. ५०००/- सम्मको लागि गाउँपालिका अध्यक्ष र रु. ५०००/- माथिको लागि गाउँ कार्यपालिकालाई हुनेछ ।

**११. आर्थिक सहायता तथा उपचार सहयोग कोषः-**

(१) यस कार्यविधि अनुससार आर्थिक सहयोग दिन, उद्धार तथा पुर्नस्थापना गर्ने प्रयोजनको लागि एक कोषको स्थापना गरिनेछ ।

(२) कोषमा देहायको रकम जम्मा गरिनेछः-

(क) संघीय सरकार, प्रेदश सरकार, गाउँ सभाबाट विनियोजित भएको अनुदान रकम,

(ख) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,

(घ) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद - ४
## संशोधन तथा परिमार्जन सम्बन्धमा

**१२. संशोधन तथा परिवर्तनः-**

(१) यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद - ५
## खारेजी तथा बचाउ

**१३.** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ । प्रचलित कानुनसँग बाझिएको हकमा हदसम्म अमान्य हुनेछ ।

## अनुसूचि-१
## (खण्ड ९ सँग सम्बन्धित)

मितिः-

श्रीमान् गा.पा. अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सियारी गाउँपालिका, रुपन्देही ।

**विषयः- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी ...................................................................... गर्नंपर्ने व्यहोरा अवगत गराउँदछु/छौ । उपचार/७० वर्ष उमेर पुगेका, परिवारका सदस्यले बेवास्ता गरी भिन्न बसेका विपन्न, रोगी एवं अशक्त, ज्येष्ठ नागरिक भएको/पोष्टमार्टम गर्नको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई/निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनुहुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखी पेश गर्दछु/गर्दछौँ ।

**तपसिलः**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/...................... को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. ......................................

**निवेदक**

| क्र.सं. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**प्रमाणिकरण मिति : २०७७/११/२०**

**आज्ञाले**
**मिन प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**